**अनुसूची - २**

**(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)**

# चौरजहारी नगरपालिका

## स्थानीय राजपत्र

| खण्ड : ३ | सङ्ख्या : ०३ | मिति : २०७६/१२/०४ |
|---|---|---|

**भाग – २**

**चौरजहारी नगरपालिका**

प्रकाशन मिति : २०७६/१२/१७

प्रथम संशोधन मिति : २०८१/०९/२९

चौरजहारी नगरपालिका

## **करारमा शिक्षक भर्ना सम्बन्धी मापदण्ड, २०७६**

**प्रस्तावना** : व्यक्ति, समुह, अभिभावक, नगरपालिका, नगरपालिका, प्रदेश प्रदेश तथा संघीय सरकारको लगानी र योगदानबाट सञ्चालित सामुदायिक विद्यालयहरुले शिक्षा क्षेत्रमा गरेको योगदान व्यवस्थित गरी सामुदायिक विद्यालयहरु माथिको विश्वासलाई क्षेत्रमा गरेको पाग भरपर्दो बनाउन र गुणस्तरिय शिक्षाका माध्यमबाट माध्यम सामुदायिक शिक्षाको गुणात्मकता वृद्धिका लागि विद्यालयहरुलाई निश्चित मापदण्डका आधारमा सञ्चालन गर्न सम्बन्धित निकायबाट स्वीकृति तथा अनुमति प्राप्त स्थानीय आवश्यकता र मागको आधारमा संचालनरत विद्यालयहरुमा विद्यार्थी सङ्ख्या को अनुपातमा शिक्षक व्यवस्थापन गर्न नेपालको संविधान, २०७२ को अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ चौरजहारी नगर शिक्षा ऐन, २०७४ र चौरजहारी नगरपालिकाको शिक्षा नियमावली, २०७४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले करारमा शिक्षक भर्ना सम्बन्धी मापदण्ड, २०७६ बनाइ जारी गरेको छ।

### परिच्छेद १
### सङ्क्षिप्त नाम र परिभाषा

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम 'करारमा शिक्षक भर्ना सम्बन्धी मापदण्ड, २०७६' रहेको छ।

(२) यो मापदण्ड चौरजहारी नगरपालिका भित्रका अनुमति तथा स्वीकृत प्राप्त सामुदायिक विद्यालयमा लागु हुनेछ।

(३) यो मापदण्ड नगर कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) “नगरपालिका" भन्नाले चौरजहारी नगरपालिकालाई सम्झनु पर्छ ।

(ख) "मापदण्ड" भन्नाले करारमा शिक्षक भर्ना सम्बन्धी मापदण्ड, २०७६ लाई सम्झनु पर्छ ।

(ग) “नगर कार्यपालिका" भन्नाले चौरजहारी नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "शिक्षक दरवन्दी" भन्नाले चौरजहारी नगरपालिका भित्रका हाल मौज्दात दरवन्दि र चौरजहारी नगरपालिकाद्वारा थप गरेका नगर करार शिक्षकको दरवन्दीलाई सम्झनु पर्छ ।

(ङ) “शिक्षक” भन्नाले नगरपालिकाभित्रका सामुदायिक विद्यालय विद्यायलयमा कार्यरत शिक्षकलाई सम्झनु पर्छ ।

(च) "करार शिक्षक" भन्नाले चौरजहारी नगरपालिका भित्रका अनुमति प्राप्त वा स्वीकृत प्राप्त सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी अभाव भई नगर कार्यपालिकाले सृजना गरी सृजना गरी स्विकृत गरेका शिक्षक पदमा रहेका शिक्षकलाई सम्झनुपर्छ ।

(छ) "शिक्षक छनौट समिति" भन्नाले शिक्षक छनौट गर्ने प्रयोजनको लागि यस मापदण्डको दफा ४ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

(ज) “प्रमुख” भन्नाले चौरजहारी नगरपालिकाको नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(झ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले चौरजहारी नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(ञ) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको आधारभुत तथा माध्यामिक शिक्षा कार्यालय प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको व्यक्तिलाई सम्झनुपर्छ ।

(ट) “शिक्षा शाखा" भन्नाले चौरजहारी नगरपालिकामा रहेको शिक्षा हेर्ने शिक्षा, युवा तथा खेलकूद शाखालाई सम्झनुपर्छ ।

(ठ) "विषय विशेषज्ञ" भन्नाले शिक्षा संकायबाट तोकिएको विषयमा स्नात्तोकोत्तर उतिर्ण भई सम्बन्धीत क्षेत्रमा कम्तिमा पाँच वर्षको अनुभव प्राप्त व्यक्तिलाई सम्झनुपर्छ ।

(ड) "तलब भत्ता" भन्नाले यस मापदण्डको दफा १२ अनुसार शिक्षकलाई दिइने तलब भत्ता सम्झनु पर्नेछ।

(ढ) "जगेडा शिक्षक" भन्नाले नगर शिक्षक पद रिक्त भएमा तत्काल शिक्षक नियुक्ति गरी शिक्षक अभाव हुन नदिन शिक्षक नियुक्तिका लागि गरिएको प्रतीक्षा सूचीलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## विद्यालयमा रहने शिक्षक दरबन्दी

३. **शिक्षक दरबन्दी विवरण** : (१) चौरजहारी नगरपालिका भित्रका स्वीकृत प्राप्त वा अनुमति प्राप्त सामुदायिक विद्यालयका नपुग दरबन्दीमा नगर कार्यपालिकाको निर्णय बमोजिमका स्थलगत अध्ययन गरी शिक्षक दरबन्दी सृजना गरी पद पूर्ति गरिनेछ ।

(२) प्रत्येक विद्यालयमा शिक्षक विद्यार्थीको अनुपात बढीमा १:४५ हुनुपर्नेछ ।

चौरजहारी नगरपालिका

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएता पनि विद्यालयहरुमा देहाय बमोजिमको न्यूनतम शिक्षक पदसङ्ख्या रहनेछ।

| क्र.स. | कक्षा | न्यूनतम शिक्षक सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | बाल विकास केन्द्र | प्रत्येक बालविकासमा १/१ जना | |
| २ | कक्षा – १ सम्म | १ जना | |
| ३ | कक्षा १-२ सम्म | १ जना | |
| ४ | कक्षा १-३ सम्म | २ जना | |
| ५ | कक्षा १-५ सम्म | ३ जना | |
| ६ | कक्षा ६-८ सम्म | ४ जना | |
| ७ | कक्षा ९-१० सम्म | ४ जना | |
| ८ | कक्षा ११-१२ सम्म | ४ जना | |
| ९ | कक्षा ११-१२ (विज्ञान) | ४ जना | |

तर अधिकांश कक्षामा विद्यार्थी सङ्ख्या न्यून रहेको अनुमति वा स्वीकृति प्राप्त विद्यालयहरुमा यो मापदण्ड लागू हुने छैन्।

(४) यस दफाको उपदफा (३) र (४) को मापदण्ड पूरा नगरेका विद्यालयहरूको दरबन्दी कटौती गरिनेछ।

*(५) सङ्गीत र खेलुकद सम्बन्धी ज्ञान, सीपलाई प्रवर्धन गर्न नगर कार्यपालिकाले सङ्गीत र खेलकुद शिक्षक दरबन्दी स्वीकृत गर्न सक्नेछ।

*(६) संगीत र खेलुकद शिक्षक पदमा नियुक्ति हुने शिक्षकलाई कार्य जिम्मेवारी शिक्षा, युवा तथा खेलुकद शाखा प्रमुखले तोकेबमोजिम हुनेछ।

## परिच्छेद ३
## शिक्षक छनौट समिति गठन

४. **शिक्षक छनौट समिति रहने :** (१) सामुदायिक विद्यालयमा करार शिक्षक नियुक्तिका लागि सिफारीस गर्न नगरपालिकामा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ।

(क) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी संयोजक

(ख) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य

(ग) नगरपालिकाले मनोनित गरेको कम्तिमा शिक्षाशास्त्र संकाय तर्फ स्नात्तोकोत्तर गरेको १ जना महिला पर्ने गरी २ जना सदस्य - विषय विशेषज्ञ

(घ) शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी - सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्वीकृत दरवन्दी सङ्ख्याको अधिनमा रही खुला प्रतिस्पर्धात्मक परीक्षाबाट शिक्षक करारमा नियुक्ति गर्न नगरपालिका समक्ष सिफारिस गर्न आवश्यक कार्य गर्ने,

(ख) परीक्षा सञ्चालनको लागि आवश्यक सूचना प्रकाशन गर्ने, प्रश्नपत्रको निर्माण गर्ने, प्रश्नपत्रको गोपनियता कायम गर्ने, लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने, प्रश्नपत्र जाँच गर्ने र अन्तिम नतिजा प्रकाशन गर्ने,

(ग) परीक्षाको लागि तह अनुसारको पाठ्यक्रम निर्धारण गर्ने,

(घ) परीक्षा सञ्चालनको लागि आवश्यक जनशक्ति परिचालन गर्ने, व्यवस्थापकीय कार्यहरु गर्ने तथा गराउने,

(ङ) परीक्षालाई मर्यादित, स्वच्छ, निष्पक्ष एवं त्रुटिरहित तुल्याउन आवश्यक कार्यहरु गर्ने,

(च) नगर कार्यपालिका एवं नगर शिक्षा समितिसँग परीक्षा सञ्चालनको सम्बन्धमा आवश्यक समन्वय गर्ने तथा गराउने,

(छ) परीक्षा सञ्चालनको लागि आवश्यक अन्य कार्यहरू गर्ने र गराउने,

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

(४) समितिमा रहेका सदस्यहरुको कार्य विभाजन समितिको संयोजकले तोके अनुसार हुनेछ।

गौरादह नगरपालिका

## परिच्छेद ४

## शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था

५. **प्रतियोगिताको लागि विज्ञापन गर्नुपर्ने**: (१) नियम ११ बमोजिम गठित शिक्षक छनौट समितिले कम्तिमा १५ दिनको सार्वजनिक सूचना सम्भाव्य सबै माध्यमबाट प्रकाशन गर्नुका साथै वडा कार्यालय र नगरपालिकामा सूचना टाँस गर्नु पर्नेछ। यस्तो सूचना सम्बन्धित स्थानीय तहका Website मा समेत राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) करार शिक्षकको विज्ञापन गर्दा विभिन्न सामुदायिक विद्यालयका निजी स्रोतमा कार्यरत शिक्षकहरुको लागि कुल दरबन्दी को २५% आन्तरिक प्रतियोगितावाट र ७५% खुल्ला प्रतियोगिताबाट पदपूर्ति गरिनेछ।

***५क** : **जगेडा शिक्षक सम्बन्धी व्यवस्था** : (१) शिक्षक सङ्ख्या न्यून भएका विद्यालयमा नगरपालिकाले नगर शिक्षक नियुक्ति गरी यथाशीघ्र परिचालन गर्ने प्रयोजनका लागि जगेडा शिक्षक सूची तयार गरी राख्न सक्नेछ।

(२) जगेडा शिक्षक सूची तयार गर्न दफा ९ बमोजिमको योग्यता तोकी १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(३) जगेडा शिक्षक सूची तयार गर्न दफा ४ बमोजिमको शिक्षक छनोट समितिले लिखित, मौखिक र आवश्यकतानुसार प्रयोगात्मक परीक्षा समेत सञ्चालन गरी बढी प्राप्ताङ्कका आधारमा सिफारिस गर्नेछ ।

(४) जगेडा शिक्षक सूचीमा रहेका उम्मेदवारहरू अन्तिम नतिजा प्रकाशन भएको मितिले एक वर्षभित्र मात्र नियुक्तिका लागि योग्य मानिनेछ ।

(५) यथाशीघ्र शिक्षक पदपूर्तिका लागि नगरपालिकाले जगेडा शिक्षकको सूची हरेक वर्ष तयार गरी राख्नुपर्नेछ ।

(६) जगेडा शिक्षक सूचीको लागि प्रकाशन गरेको विज्ञापनका बखत दरखास्त पेस गर्ने अन्तिम मितिसम्म अन्तिम उमेर हद कायम भइ एक वर्षभित्र नियुक्ति हुँदाका बखत उमेर हद नाघेको भए पनि नियुक्ति गर्न बाधा पर्ने छैन ।

(७) जगेडा शिक्षक सूचीबाट नियुक्ति हुने शिक्षकको सेवा, सर्त र सुविधा यसै कार्यविधिबमोजिम हुनेछ।

६. **शिक्षक छनौट प्रक्रिया समावेशी बनाउनुपर्ने** : शिक्षक छनौटलाई के छनौटलाई समावेशी बनाउन नगर कार्यपालिकाबाट स्वीकृत शिक्षक प्रतियोगितामा पूर्ति हुने शिक्षक पद मध्ये दरबन्दीमा खुला प्रतियोगी विचमा मात्र छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ । ४५% छक्रमाई सो प्रतिशतलाई शत प्रतिशत मानि देहायका उम्मेदवारहरू

(क) महिला - ३३%

(ख) आदिवासी जनजाती - २७%

(ग) मधेसी, अल्पसंख्यक, पिछडावर्ग - ९%

(घ) दलित - २२ %

(ङ) पिछडिएको क्षेत्र - ४%

(च) अपाङ्ग - ५%

७. **दरखास्त बुझाउनु पर्ने** : प्रतियोगिमा भाग लिन चाहने उम्मेदवारले शिक्षक छनौट समितिबाट तोकिए बमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको स्थान र अवधिभित्र दरखास्त फाराम बुझाउनु पर्नेछ ।

८. **योग्यता सम्बन्धी व्यवस्था**: योग्यता हुनु पर्नेछ । शिक्षक पदको लागि लिइने प्रतियोगितात्मक परीक्षामा उम्मेदवार हुन देहायबमोजिमको शैक्षिक योग्यता हुनुपर्नेछ ।

(क) मा.वि.तह (९-१०) सम्बन्धित विषयमा स्नातक उत्तीर्ण

(ख) आ.वि.तह (६-८) सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको

(ग) आ.वि.तह (१-५) सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण वा सो सरह

(घ) बालविकास माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा वा सो सरह,

(ङ) आधारभुत तह कक्षा ६-८ कम्प्युटर विषयको हकमा कम्प्युटर विषय लिई प्रविणता प्रमाणपत्र उत्तीर्ण गरेको कुनै विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा कम्प्युटर डिप्लोमा तालिम लिएको हुनुपर्ने ।

चौरजहारी नगरपालिका

**स्पष्टिकरण** : मा.वि. तह (९-१०) को लागि स्नात्तोकोत्तर गरेका उम्मेदवार र आ.वि.तह (६-८) को हकमा स्नातक गरेको उम्मेदवारलाई थप ३ अङ्कको व्यवस्था गरिनेछ ।

९. **उम्मेदवारको लागि योग्यता** : (१) शिक्षक सेवा आयोग नियमावली, २०५७ (नवौं संशोधन समेतको नियम १० को (क) देखि (च) बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछ ।

(२) प्रचलितक कानूनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विज्ञान, कम्प्युटर विज्ञान, इन्जिनियरिङ, गणित, अङ्ग्रेजी, कार्यालय सञ्चालन तथा लेखा, कानून, कृषि तथा पशु विज्ञान विषयको हकमा करारमा वा निजि शिक्षक भर्ना गर्न अध्यापन अनुमतिपत्र आवश्यक पर्नेछैन ।

*(३) खेलुकुद र सङ्गीत शिक्षकको हकमा अध्यापन अनुमतिपत्र अनिवार्य हुनेछैन ।

*(४) सङ्गीत शिक्षकका लागि प्रवीणता प्रमाण पत्र तह वा सोसरहको परीक्षा उत्तीर्ण गरी स्टुडियोमा गीत रेकर्ड गरी सार्वजनिक गरेको वा कम्तिमा डिप्लोमा तहको सङ्गीत सम्बन्धी तालिम प्राप्त गरेको हुनुपर्नेछ ।

*(५) खेलकुद शिक्षकका लागि कम्तिमा क्षेत्रीय / प्रदेश स्तरको खेलमा सहभागी भइ ख्याती प्राप्त गरेको वा स्वास्थ्य तथा शारीरिक मुल विषय लिई कम्तिमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

१०. **आवश्यक कागजातहरू** : शिक्षक पदमा उम्मेदवार हुन इच्छुक उम्मेदवारले आफ्नो शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि, अनुभव भए सोको प्रमाणित प्रतिलिपि, कुनै विद्यालयमा कार्यरत भए सोको प्रमाणित प्रतिलिपि र छनौट समितिले तोके बमोजिमका अन्य कागजातहरु सहित नगरपालिकामा निवेदन पेस गर्नुपर्नेछ ।

११. **पाठ्यक्रम, परीक्षा प्रणली, मूल्याङ्कन प्रणाली र छनौट प्रक्रिया** : (१) शिक्षकको लागि लिईने परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रिया शिक्षा सेवा आयोग नियमावली, २०५७ (नवौं संशोधन समेत) को नियम १४, १५, १६, १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २६ बमोजिम हुनेछ ।

(२) लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षामा सफल भई शिक्षक छनौट समितिले सिफारिस गरेका उम्मेदवारलाई नगरपालिकाले नियुक्ति दिनेछ ।

(३) दफा (१) मा उल्लेख भए अनुसार परीक्षाको स्वरुप देहाय बमोजिम हुनेछ :

| | | |
|---|---|---|
| परीक्षाको किसिम | (क) लिखित | अङ्कभार |
| | | १०० अङ्क |
| | (ख) मौखिक | २५ अङ्क |
| | १. शैक्षिक योग्यता वापत | प्रथम, द्वितीय र तृतीय श्रेणीको आधारमा क्रमश: ३, २ र १ |
| | २. अनुभव वापत | प्रत्येक वर्षको १ अङ्कका दरले बढीमा ७ अङ्क |

| | | |
|---|---|---|
| | ३. अन्तरवार्ता वापत | बढीमा १२ अङ्क |
| | ४. न्यूनतम भन्दा माथिल्लो योग्यता | प्रथम, द्वितीय र तृतीय श्रेणीको आधारमा क्रमश: ३, २ र १ |
| | (ग) प्रयोगात्मक | १० (कम्प्युटर विषयको लागि मात्र) |

(४) आन्तरिक परीक्षामा भाग लिएका परीक्षार्थीले खुला प्रतियोगितामा समेत भाग लिन पाउने छन्।

## परिच्छेद ५

## तलब, भत्ता र बिदा सम्बन्धी व्यवस्था

१२.* **तलब भत्ता सम्बन्धी व्यवस्था** : विभिन्न तहमा नियुक्त हुने शिक्षकहरूको तलब भत्ता देहायबमोजिम हुनेछ :-

(क) मा.बि. तह (९-१०) विज्ञान गणित (वि.एस्सी. वा सो सरह) -३०,०००/-

(ख) मा.वि. तह (९-१०) अन्य विषय २५,०००/-

(ग) आधारभूत तह (६-८) विज्ञान/गणित +2 विज्ञान) २२,०००।-

(घ) आधारभूत तह (६-८) अन्य विषय २०,०००/-

(ङ) आधारभूत तह (१-५) १५,०००/-

(च) आधारभूत तह (१-३) १५,०००/-

(छ) बालविकास केन्द्र नेपाल सरकारको प्रचलित स्केल बमोजिम

*(ज) खेलकुद र सङ्गीत शिक्षक १८०००/-

१३. **बिदा सम्बन्धी व्यवस्था** : शिक्षकले चौरजहारी नगरपालिका शिक्षा नियमावली, २०७४ को नियम २२ (क) देखि (च) सम्म उल्लेख भए बमोजिम बिदा पाउने छन्।

## परिच्छेद ६

## विद्यालय सञ्चालन अनुमति तथा दरवन्दी सम्बन्धी व्यवस्था

१४. **विद्यालय सञ्चालन गर्न अनुमति दिइने** : स्वीकृत विद्यालय अनुगमन प्रतिवेदन अनुसार चौरजहारी नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुलाई दरवन्दी र तह कायम गरी सञ्चालन गर्न अनुमति दिइनेछ।

चौरजहारी नगरपालिका

## परिच्छेद ७

## विविध

१५. **करार थप वा नविकरण गर्न सकिने** : कार्य सम्पादन मूल्याङ्न र विद्यालयमा आएको शैक्षिक सुधार समेतलाई विश्लेषण गरी शिक्षकहरुको करार अवधि सम्झौतामा उल्लेख भए बमोजिम नगर कार्यपालिकाले पुनः थप वा नवीकरण गर्न सक्नेछ।

तर कार्य सम्पादनस्तर राम्रो नभएका शिक्षकहरुको करार अवधी थप वा नवीकरण हुन सक्ने छैन।

१६. **पुनः करारमा शिक्षक भर्ना गर्न सकिने** : विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक सङ्ख्या कम भएका विद्यालयहरूमा यस मापदण्ड बमोजिम एक पटक शिक्षक भर्ना गरीसकेपछि सोही शैक्षिक सत्रभित्र पुनः शिक्षक सङ्ख्या कम भएमा वैकल्पिक सूचीमा रेहका उम्मेदवारहरूमध्येवाट करार सम्झौता गरी सम्बन्धित विद्यालयमा खटाउन सकिनेछ। वैकल्पिक सूचीमा रहेका उम्मेदवारको सङ्ख्या कम भएमा यसै मापदण्ड बमोजिम खुला प्रतिस्पर्धाबाट शिक्षक करारमा भर्ना गर्न सकिनेछ नगरपालिका तर वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरुलाई शिक्षक नियुक्ति भएको एक हुने छैन्।

१७. **खुला प्रतियोगिताबाट पदपूर्ति गरिने** : आन्तरिक जनजाती, मधेशी, दलित, अपांग, गरिनेछ। पिछडिएको क्षेत्रको कोटावाट तोकिएको सङ्ख्या मा पदपूर्ति हुन नसकेका खुला प्रतिस्पर्धाबाट पदपूर्ति गरिनेछ।

१८. **करार सम्झौता स्वतः रद्द हुने** : हाल शिक्षक कार्यरत पदमा स्थायी शिक्षक खटिई आएमा वा अर्को कुनै व्यवस्था भएमा करार सम्झौता स्वतः रद्द हुनेछ।

१९. **अमान्य हुने**: यस मापदण्डमा उल्लेख भएका कुराहरु नेपालको संविधान, शिक्षा ऐन तथा नियमावलीमा बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछन्।

चौरजहारी नगरपालिका

आज्ञाले,
शेरप्रसाद ढकाल
नि.प्रमुख प्रशासकीय अधिकृत